राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १२१ २०८२ मंसिर १५ गते सोमवार (01 Dec. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## एमाले-काँग्रेसको ३५ वर्षको शासनले शिक्षा-स्वास्थ्य र कलकारखाना ध्वस्त बनायो : उपेन्द्र यादव

दैनिक समाचारदाता
जनकपुरधाम, १४ मंसिर । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष एवं पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवले ३५ वर्षसम्म शासन गरेका कांग्रेस-एमालेले देशको शिक्षा, स्वास्थ्य तथा उद्योग-धन्दा ( कलकारखाना) क्षेत्र ध्वस्त बनाएको आरोप लगाएका छन्।

आईतवार जनकपुरधाममा समाजवादी युवा संघ नेपालद्वारा आयोजित 'युवा नेतृत्व र सशक्तिकरण सम्मेलन'मा सम्बोधन गर्दै अध्यक्ष यादवले २०४७ सालदेखि हालसम्म मूलतः एमाले-कांग्रेसकै शासन रहे पनि नेपाली जनता, विशेषतः युवाको भविष्यबारे उनीहरूले कहिल्यै गम्भीर समीक्षा वा छलफल नगरेको बताए । उनले प्रश्न उठाउँदै भने, "नेपालमा १८० वटा कलकारखाना थिए, करोडौं रुपियाँ राजस्व आउँथ्यो। आज त औंलामा गन्न सकिने बचेको छैन्, किन?"

यादवका अनुसार बहुदलीय व्यवस्थाको ३५ वर्ष बितिसक्दा पनि कांग्रेस-एमालेले देशको आधारभूत क्षेत्र मजबुत बनाउने काम गरेनन् । उनले भने, "नेपालका ७० लाखभन्दा बढी जनता वैदेशिक रोजगारीमा भटकिरहेका छन् । गुणस्तरीय शिक्षा छैन, स्वास्थ्य सेवाको अवस्था पनि दयनीय छ । किन? किनकि निजी अस्पताल, विद्यालय र केही उद्योगहरू




कांग्रेस-एमालेका नेताहरूकै स्वामित्वमा छन् । सरकारी सम्पत्तिलाई कमजोर पारेर निजी सम्पत्तिलाई अगाडि ल्याउने काम यही दुई दलले गरेका हुन् ।"

यादवले हरेक आन्दोलनमा युवाले देखाएको बलिदानलाई देशले भूल्न नसक्ने बताए। परिवर्तन र क्रान्ति ल्याउने शक्ति युवा वर्ग नै भएको उल्लेख गर्दै उनले भने, "राजनीतिमा युवाको सहभागिता कम छ । देश हाक्नका लागि युवालाई अवसर दिइएको छैन । त्यसैले राजनीतिक प्रशिक्षण लिएर देशको नेतृत्व गर्न युवाहरू अगाडि आउनुपर्छ ।"

अध्यक्ष यादवले कांग्रेस-एमालेले चार दशकसम्म राज्यसञ्चालन गरेको तर कुनै ठोस परिवर्तन नल्याएको आरोप पनि लगाए । एमाले-काँग्रेस सरकार तलदेखि माथिसम्म भ्रष्टाचारमा छ । भेदभाव चरम सीमासम्म पुगेको छ । कृषि तथा वन-जंगल विनाश भइसकेको छ । यसको प्रभावबारे धेरै भन्नुपर्ने छैन, उनले भने । आगामी निर्वाचनमा भ्रष्टाचार र भ्रष्टाचारीहरूलाई पराजित गर्नु युवा र जनताको जिम्मेवारी हुने उनले बताए ।

मधेश आन्दोलनमा युवाको महत्वपूर्ण योगदान रहेको स्मरण गर्दै उनले त्यस आन्दोलनले ल्याएको परिवर्तनलाई रक्षा गर्न र युवालाई नेतृत्व तथा सशक्तिकरण गर्न अझै धेरै काम गर्नुपर्ने आवश्यकता औंल्याए। अन्य देशमा भएका युवा आन्दोलनको उदाहरण दिँदै उनले भने, "नेपालको जेन-जी आन्दोलन, बंगलादेशको युवा आन्दोलन जस्ता घटनाबाट यहाँका नेताहरूले सिक्नुपर्छ। युवालाई वेवास्ता गरेर मुलुक कहिल्यै समृद्ध हुन सक्दैन। त्यसैले अबको आन्दोलन र निर्वाचन परिवर्तनका लागि केन्द्रित हुनुपर्छ।"

यादवले नयाँ सोच र चिन्तनका साथ युवालाई अगाडि आउन आग्रह गरे।

*बाँकी ४ पृष्ठमा*

## देशभर नयाँ १६८ वटा मतदान स्थल थप, ९३ वटा खारेज




दैनिक समाचारदाता
काठमाडौं १४ मंसिर । निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदानस्थलहरू पुनरावलोकन गरेको छ । आयोगले मतदाताको पहुँचलाई सरल, सहज र थप व्यवस्थित गर्न मतदानस्थलहरुमा पुनरावलोकन गरेको जनाएको छ ।

आयोगको आइतबार बसेको बैठकले मतदाताको सुविधाका लागि देशभर १६८ वटा नयाँ मतदानस्थलहरू थप गरेको प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । उनका अनुसार मतदातालाई अपायक परेका, जीर्ण भएका वा प्रयोगमा नरहेका ९३ वटा मतदानस्थलहरू खारेज समेत गरेको छ ।

यसबाट साबिकमा कायम १० हजार ८९२ मतदानस्थलमा समग्रमा ७५ मतदानस्थल थप हुन गई देशभर १० हजार ९६७ मतदानस्थल कायम भएका छन् ।

मतदानस्थल पुनरावलोकन गर्ने क्रममा मतदान स्थलको नाम, ठेगानामा रहेको त्रुटि सच्याउने, मतदातालाई पायक पर्ने स्थानमा आंशिक वा सबै मतदातालाई स्थानान्तरण गर्ने, मतदातालाई साबिककै अर्को मतदान स्थलमा समायोजन गर्ने लगायतका कार्यहरू सम्पन्न गरेको पनि आयोगले जनाएको छ ।

## विच्छाको सांसद पद खारेज गर्न मधेश प्रदेश सभामा राप्रपाको पत्र

दैनिक समाचारदाता
जनकपुरधाम, १४ मंसिर । पार्टीको निर्देशन विपरीत मधेशका वन तथा वातावरण मन्त्री बनेकी कञ्चन विच्छालाई प्रदेशसभा सदस्य पदबाट हटाउन राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले मधेश प्रदेश सभालाई पत्राचार गरेको छ ।


राप्रपाबाट एक मात्र प्रदेशसभामा समानुपातिक सांसद रहेकी विच्छा गत २४ कात्तिकमा संविधानको धारा १६८ को ३ बमोजिम बनेका मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारमा विना विभागीय मन्त्री बनेकी थिइन् । उनलाई ८ मंसिरमा मुख्यमन्त्री यादवले वन तथा वातावरण मन्त्रीको जिम्मेवारी तोकेका थिए ।



राप्रपाले उनलाई सरकारबाट बाहिरिन निर्देशन दिएको थियो । नबाहिरिएपछि स्पष्टीकरण समेत सोधेको थियो । पार्टीको नीति नियमको अटेर गरेपछि प्रक्रिया पुऱ्याए राप्रपाले उनलाई प्रदेश सभा सदस्य पदबाटै हटाउन राजनैतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३४ बमोजिम आवश्यक कारबाहीका लागि सूचना जारी गरिदिन प्रदेश सभामा पत्र पठाएको हो ।

राप्रपाका मुख्य सचिव केदारबहादुर अधिकारीको हस्ताक्षरसहित प्रदेश सभालाई पत्र पठाइएको हो । आजै पत्र प्रदेश सभा सचिवालयलाई प्राप्त भएपछि उपसभामुख बबिता राउत ईशरलाई बुझाइएको सचिव बासुप्रसाद कोइरालाले जानकारी दिए । उपसभामुख ईशरले पत्र प्राप्त गरेको र त्यस बारे कर्मचारीसहित कानुन विज्ञसँग छलफल गरेर सूचना प्रकाशन गर्ने बताइन् ।


अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# डोटिम : बहिष्करणविरुद्ध मधेसको नयाँ राजनीतिक प्रतिरोध

मधेस-तराईका दलित, पिछडावर्ग, थारु, आदिवासी तथा अल्पसंख्यक समुदायहरूबारे नेपालका मूलधारका राजनीतिक दलहरूले दशकौंसम्म भाषण गरे पनि वास्तविक परिवर्तन न्यून नै रह्यो। लगातारको उपेक्षा, राज्य संयन्त्रमा पहुँच नपाउने बाध्यता, सामाजिक तथा राजनीतिक बहिष्करण र अवसरको अभावले यी समुदायहरू आज पनि संरचनागत रुपमा कमजोर अवस्थामा छन्। यही दीर्घ पीडाबाट उत्पन्न राष्ट्रिय असन्तोष अब 'डोटिम' जस्ता संगठित प्रतिरोधका रूपमै मुखरिन थालेको छ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवले जनकपुरधाममा डोटिम धनुषा भेला तथा अन्तरक्रिया कार्यक्रममा उक्त संगठनलाई 'संघर्ष र आन्दोलनमार्फत अधिकार सुनिश्चित गर्ने अनिवार्य विकल्प'का रूपमा प्रस्तुत गरे। यादवका अनुसार देशको करिब दुई-तिहाइ जनसंख्या समेट्ने यी समुदायहरू शिक्षा, रोजगारी, प्रशासनिक प्रवेशदेखि न्यायिक पहुँचसम्मका सूचकमा आज पनि सबैभन्दा पछाडि छन्। यथार्थ यही हो–समाजका सबैभन्दा ठूलो भागलाई राज्यले निरन्तर उपेक्षा गर्दै आएको छ र आवश्यकीय प्रतिनिधित्वबाट टाढा राखिएको छ।

डोटिमको परिकल्पना यस्तो पृष्ठभूमिमा जन्मिएको कालान्तरको प्रतिक्रिया हो। राज्य आफैंले अधिकार दिन इच्छुक नदेखिएको, समाजमा विभेद कायम राख्ने संरचनाहरू जस्ताको तस्तै रहेका र राजनीतिक नेतृत्वले बारम्बार समावेशीताको भाषण त गरे तर वास्तविक सुधार नगरेपछि उत्पीडित समुदायको असन्तोष अब संगठनात्मक दबावको रूपमा रूपान्तरित भएको छ। यही कारण, यादवले उठाएको प्रश्न–"कहिलेसम्म बहिष्करण सहने?"–अब केवल भावनात्मक अभिव्यक्ति मात्र होइन, मधेसको राजनीतिक मानसमा बढ्दो आक्रोशको सामूहिक स्वर हो। यादवको भनाइमा सानातिना कार्यक्रम वा घोषणा गरेर होइन, बलियो संगठन, निरन्तर प्रतिरोध र राजनीतिक दबाबमार्फत मात्रै उत्पीडित समुदायले आफ्नो अधिकार सुनिश्चित गर्न सक्छ। यही कारण उनी डोटिमलाई दीर्घकालीन प्रतिरोध, सामाजिक न्यायका लागि सामूहिक अभियान र राजनीतिकरण भएको नागरिक-आन्दोलनको रूपमा अघि सारिरहेका छन्। दलित तथा महिलाहरू आज पनि हिंसा, न्यायिक पहुँचको अभाव, सामाजिक अपमान र अवसरको अभावबाट पीडित छन्। यसरी पीडित समुदाय समृद्ध नभएसम्म राष्ट्र समृद्ध हुने कुरा केवल भाषणमै सीमित हुन्छ।

यसै कार्यक्रमले मधेसमा विकसित हुँदै गएको नयाँ सामाजिक-राजनीतिक चेतनालाई पनि संकेत गर्छ। जसपा प्रदेश अध्यक्ष रामबाबु यादवदेखि दलित अगुवा चन्देश्वर सादा र अन्य वक्ताहरूको सक्रिय सहभागिताले यो विषय केवल दलगत राजनीति नभई समुदायको अस्तित्व र सम्मानसँग जोडिएको गम्भीर एजेन्डा हो भन्ने स्पष्ट हुन्छ। डोटिमको उदयले नेपालमा सामाजिक न्यायको राजनीति फेरि एकपटक केन्द्रको एजेन्डामा ल्याएको छ। मूलधारका राजनीतिक दलहरूले वर्षौंदेखि बोल्दै आएको 'समावेशी राज्य'को नारालाई अब व्यवहारमा उतार्नैपर्ने दबाब बढ्दै छ। यदि राज्यले उत्पीडित बहुसंख्यक वर्गको प्रतिनिधित्व, सम्मान र सुरक्षा सुनिश्चित गर्न सक्दैन भने तिनै समुदायहरूले संगठनात्मक रूपमा उठेर आफ्ना अधिकारका लागि प्रतिरोध गर्नु स्वाभाविक हो।

अन्ततः, डोटिम केवल एक संगठन मात्र होइन–यो मधेसका उत्पीडित समुदायहरूको दशकौंको पीडा, असन्तोष र आकांक्षाको राजनीतिक संस्थानीकरण हो। प्रश्न अब यही छ–के मुलधारको राजनीति यस उठानलाई आत्मसात् गर्छ? वा फेरि एकपटक मधेसका कमजोर समुदायहरूलाई छुट्टै प्रतिरोधका बाटोमै अघि बढ्न बाध्य पारिन्छ? नेपालको लोकतन्त्रलाई दीर्घकालीन रूपमा मजबुत बनाउने हो भने बहुसंख्यक उत्पीडित समुदायलाई समान अधिकार, सम्मान र प्रतिनिधित्वको ग्यारेन्टी गर्नु अपरिहार्य छ। डोटिमको उदय–ठ्याक्कै यही दिशातर्फ उठेको ऐतिहासिक कदम हो।


# मुटुमा तार पुऱ्याउने मूर्ख डाक्टर

**डा शम्भु खनाल**

स्पन्दनको पनि अनुभूति नहुने मुटु जब धड्किन थाल्छ, किन हो मलाई इतिहास खोतल्न मन लाग्छ ।

एक जना ६७ वर्षीय बाजे हिँड्ने बेला छाती दुख्ने र असहज हुने भन्दै ओपीडी कक्षमा आउँछन्। उनी टुसुक्क कुर्सीमा बस्छन्। जीवितै हुँदा आफ्नो लागि अस्पताल पाइला टेकको यो पहिलो पटक हो भनी सुनाउँछन्। केही जाँचहरू गरेपछि मुटुको नसाहरू हेर्नुपर्ने व्यहोरा बुझाउँछु। कोरोनरी एन्जिओग्राफीको प्रक्रिया विस्तारमा बताउँछु।





उनी ध्यान दिएर सुन्छन् र अचानक सपाट भन्छन्- 'पहिले को त्यस्तो वीर डाक्टर जन्मेको रहेछ, मुटुमै तार पुर्याइदिने?'

म एक क्षण सोच्न थाल्छु। मलाई इतिहासको गर्भमा पुग्न मन लाग्छ।

सन् १९२९ तिरको कुरा हो। जर्मनीमा हिटलरको उदय शुरू हुँदै थियो। चरम बेरोजगारी र सामाजिक अस्थिरताले इतिहासकै एक खलपात्र जन्माइरहेको समय थियो। हिटलरको नरसंहार घृणा र असहिष्णुताबाट जन्मिएको एउटा दुषित परिणाम थियो।

तर सोही समय, बर्लिन नजिकैको एक अस्पतालको करिडोरमा एक जना चिकित्सक मनुष्यको मुटुबारे सोचमग्न हुँदै हिंडिरहेका थिए। उनी आइन्स्टाइनजति चर्चित त होइनन्, तर मुटुजस्तो निरन्तर चलायमान अंगमा अनुसन्धान गर्ने हिम्मत बटुलेका एक साहसी व्यक्ति अवश्य हुन्।

उनी विश्वास राख्थे, यदि औषधि क्याथेटरमार्फत सिधै मुटुभित्र पुऱ्याउन सकियो भने उपचार अझ प्रभावकारी हुन सक्छ। आजको वैज्ञानिक परिप्रेक्ष्यबाट त्यो समयको अवस्था कल्पना गर्दा अचम्म लाग्छ-मुटुलाई छुन खोज्दा नै रोकिएर बस्ने युग थियो त्यो।

त्यहीबेला बर्लिनमा सर्जरी विभागमा कार्यरत एक २५ वर्षीय मेडिकल डाक्टर थिए- वर्नर फ्रसम्यान ।

उनलाई हातका नसाबाट क्याथेटर छिराएर मुटुको दाहिने भागसम्म पुग्न सकिन्छ भन्ने 'मूर्ख' विचारले पछ्याइरहन्थ्यो। क्याथेटरप्रतिको मोह यति गहिरो थियो कि उनी धेरैजसो समय प्रयोग र अभ्यासमै बिताउँथे।

सिनियरहरूले यो कुरामा हाँसो उडाउँथे। विभाग प्रमुखले समेत यस्तो 'मूर्खता' त्याग्न चेतावनी दिएका थिए। तर फ्रसम्यान अडिग रहे। उनले गोप्य रूपमा आफ्नो प्रयास जारी राखे।

तर साथ दिन कोही थिएन। अन्ततः उनले एक नर्सलाई आफ्नो योजना सुनाए र सम्झाए। सुरुमा नर्सले यस्तो जोखिमपूर्ण काम अस्वीकारिन्, तर फ्रसम्यानले खतरा हुँदैन भनेर आश्वस्त पार्दा उनी राजी भइन्। शर्त भनेको, अनुसन्धान नर्समाथि गर्नुपर्ने।

तर नर्स सुत्ने बित्तिकै फ्रसम्यानले उनलाई टेबलमा बाँधिदिए। र आफ्नै बायाँ हातको कुहिनाअगाडिको नसाबाट ६५ सेन्टिमिटर लामो, पिसाब नलीमा प्रयोग हुने क्याथेटर छिराउन थाले। लगभग तीस सेन्टिमिटर पुगेपछि नर्सलाई खोलेर एक्स-रे कक्षतिर दौडिए।

एक्स-रेमार्फत क्याथेटर कुम नजिक पुगेको देखेपछि उनले तस्बिर हेर्दै क्याथेटरलाई मुटुसम्म पुऱ्याए।

इतिहासमै पहिलो पटक मान्छेको मुटुसम्म क्याथेटर पुऱ्याउने दुस्साहसमा उनी सफल भए।

उनीहरूले यो अनुसन्धान जर्नलमा प्रकाशित पनि गरे, तर प्रतिक्रिया भने आलोचनामात्र आयो।

उनको काम कसैलाई पचेन। विभागबाट निकालिए। धेरै वर्षसम्म जागिरकै लागि हण्डर खानुपऱ्यो। कहिले सर्जरी, कहिले युरोलोजी विभाग- कुनै पनि ठाउँमा उनलाई स्वतन्त्र रूपमा काम गर्न सहज वातावरण दिइएन। सायद, नवीन प्रयोग गर्नेहरू प्रायः जीवनमै हण्डर खान बाध्य हुन्छन्।

उनको १९२९ को लेख १२ वर्षपछि दुई जना पल्मोनोलोजिस्ट (ऋयगचलबलम र म्ष्अपष्लकयल च्ज्अजबचमक) ले पढे। उनीहरूलाई प्रयोग अघि बढाउने उत्साह जाग्यो र अन्ततः सफल भए।

उनीहरूले मुटुको कोठाहरूको प्रेसर मापन गरे, र १९५६ मा फ्रसम्यानसहित ती तीनै जनालाई नोबेल पुरस्कार प्रदान गरियो। ढिलो भए पनि फ्रसम्यानको दुस्साहसले सम्मान पायो। र कार्डिओलोजीको भविष्य बदल्ने ढोका खोलिदियो। आत्म-अनुभवमै आधारित त्यो साहसिक प्रयोगले आधुनिक हृदय-चिकित्साको आयाम नै बदलिदियो। घतलाग्दो कुरा त के भने, मुटुसम्म तार पुर्याउने प्रविधिको मूल बीउ राख्ने व्यक्ति २५ वर्षका एक युवा सर्जन थिए।

उही इतिहास खोतल्ने दुस्साहस।

साभार : स्वस्थ्यखबरडटकम

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा–१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# श्रीलंकामा बाढीपहिरोबाट १९२ जनाको मृत्यु, आपतकाल घोषणा

एजेन्सी

काठमाडौं १४ मंसिर । श्रीलंकामा 'दितवा' नामको तूफानका कारण भिषण वर्षासँगै आएको बाढीपहिरोबाट कम्तिमा १९३ जनाको मृत्यु भएको छ । १७६ जना बेपत्ता छन् ।

यो प्राकृतिक विपत्तीपछि राष्ट्रपति अनुरा कुमारा दिशानायकेले आपतकाल घोषणा गर्दै अन्तर्राष्ट्रिय समुदायसँग सहयोग मागेका छन् । श्रीलंका सरकारले विदेशमा रहेका आफ्ना नागरिकहरुलाई स्वदेश पैसा पठाउन आह्वान गरेको छ ।

श्रीलंकामा पछिल्ला आठ वर्षमा आएको सबैभन्दा ठूलो प्राकृतिक विपत्ति हो । यसअघि २०१७ मा आएको बाढी-पहिरोमा परी २०० जनाको मृत्यु भएको थियो भने लाखौं मानिस बेघर भएका थिए ।

श्रीलंका विपद् व्यवस्थापन विभागका अनुसार पछिल्लो प्राकृत्तिक विपत्तिमा १५ हजारभन्दा बढी घर नष्ट भएका छन् भने ७८ हजार मानिसलाई सरकारी अस्थायी शिविरहरूमा राखिएको छ ।

श्रीलंका विपद् व्यवस्थापन विभागका महानिर्देशक सम्पत कुतोवेगोदाले भनेका छन्, 'हाम्रोमा १३२ जनाको मृत्युको पुष्टि भएको छ भने १७६ जना बेपत्ता छन् । राहत तथा उद्धारको काममा सेना, वायुसेना र नौसेनाको सहारा लिइएको छ ।'

मध्य श्रीलंकामा पर्ने बादुल्ला जिल्ला सडक सम्पर्क विच्छेद भएको छ, जसका कारण धेरै ग्रामीण बस्तीसम्म राहत सामग्री पुर्‍याउन समस्या भइरहेको छ ।


Photo : AFP

सबैभन्दा प्रभावित मध्येको एक मास्पान्ना गाउँका बासिन्दा समन कुमाराले एक स्थानीय मिडियासँग भनेका छन्, 'हामी गाउँ छोड्न सक्दैनौं र कोही यहाँ आउन पनि सक्दैन, किनकि पहिरोले सडकहरू भत्किएका छन् । यहाँ खाना छैन र पिउने पानीको पनि समस्या छ ।'

श्रीलंकाका प्रधानमन्त्री हारिनी अमारासूर्या कोलम्बोमा रहेका विभिन्न देशका राजदूतहरुसँग भेट्दै उनीहरूलाई देशको गम्भिर अवस्थाबारे जानकारी गराइरहेका छन् र सहयोग गर्न आग्रह गरिरहेका छन् ।

***सबै कुरा अस्तव्यस्त***

अधिकारीहरूका अनुसार श्रीलंकाको एक तिहाइ भूभागमा न त बत्ती छ, न त पानीको धारा चलिरहेको छ, किनकि विद्युत् लाइनहरू ध्वस्त भएका छन् । पानी शुद्धीकरण केन्द्रहरू समेत बाढी र डुबानबाट प्रभावित भएका छन् । धेरै क्षेत्रमा इन्टरनेट सेवा पनि अवरुद्ध भएको छ ।

यसबीच, राजधानी कोलम्बोबाट करिब ११५ किलोमिटर पूर्व क्यान्डीमा पनि पहिरोले सडकहरू भत्किएको खबर छ, जसका कारण धेरै ठाउँसम्म पुग्न सम्भव छैन ।

***सबैभन्दा पहिले भारतले पठायो सहयोग***

श्रीलंकामा परेको विपत्तीमा भारतले सबैभन्दा पहिलो सहयोग सामग्री पठाएको छ । दुईवटा विमान राहत सामग्री लिएर त्यहाँ पुगेका छन् भने पहिले नै कोलम्बोमा रहेको एउटा भारतीय जहाजले आफ्ना खाद्यान्न प्रभावित क्षेत्रमा उपलब्ध गराएको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले श्रीलंकामा ज्यान गुमाएकाहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै थप सहयोग गर्ने आश्वासन दिएका छन् ।

यसबीच दितवा तूफान शनिबार श्रीलंका पार गर्दै भारततर्फ अघि बढिरहेको छ । त्यसलाई ध्यानमा राख्दै चेन्नई विमानस्थलमा ५४ उडानहरू रद्द गरिएको छ । भारत मौसम विभागले आगामी ४८ घण्टामा भीषण वर्षा र तूफानको चेतावनी दिएको छ ।

# हङकङको अपार्टमेन्ट आगलागीमा मृत्यु हुनेको संख्या १४६ पुग्यो

एजेन्सी

काठमाडौं १४ मंसिर । हङकङको एक अपार्टमेन्ट ब्लकमा भएको आगलागीमा परी मृत्यु हुनेको संख्या १४६ पुगेको छ । जसमा एक अग्नि नियन्त्रक समेत छन् । बुधबार दिउँसो मर्मतसम्भार गर्न लागिएको अपार्टमेन्ट बाहिर राखिएको बाँसबाट आगो सल्किँदा आठमध्ये सातवटा भवनमा आगो लागेको थियो । उक्त अपार्टमेन्ट ब्लक हङकङको ताई पो क्षेत्रमा रहेको छ ।



अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुका अनुसार १२ अग्नि नियन्त्रकसहित अन्य ७९ जना घाइते भएका छन् । १५० जनाको अवस्था अज्ञात छ । उनीहरुको खोजी जारी रहेको स्थानीय प्रहरीले जनाएको छ । मर्मतका लागि आठवटै भवनको बाहिर बाँसलाई नाइलनको डोरीले बाँधेर खट बनाइएको थियो । त्यस क्रममा छिट्टै आगोले भेट्ने सामग्रीहरु प्रयोग हुने भएकाले आगलागी छिटो फैलिएको अधिकारीहरुको भनाइ छ । घटनापछि हङकङमा तीन दिनको शोक घोषणा गरिएको छ । दुई हजार अपार्टमेन्ट रहेका ती ब्लकमा करिब ४ हजार जना बस्ने जनाइएको छ ।

# रुसी तेल ट्याङ्करमाथि युक्रेनको आक्रमण

एजेन्सी

मस्को १४ मंसिर ॥ युक्रेनको नौसेना ड्रोनले कृष्ण सागरमा यात्रा गर्ने रुसको 'श्याडो फ्लिट'सँग सम्बन्धित दुई तेल ट्याङ्करलाई निशाना बनाएको छ । बीबीसीले पुष्टि गरेको भिडियोमा पानीका लहरहरूलाई चिर्दै ड्रोनहरू जहाजहरूतिर सर्दै गएको अनि ठोक्किएर आगोमा विस्फोट भएको देखिन्छ । टर्कीका अधिकारीहरूका अनुसार निशाना बनाइएका ट्याङ्करहरूको नाम काइरोस र विराट हो । दुवैमा गाम्बियाको झण्डा फहरिएका थिए ।

टर्कीको तटमा शुक्रबार दुवै ट्याङ्करहरूमा आक्रमण गरिएको थियो । रिपोर्टहरूका अनुसार, शनिवार फेरि पनि विराटलाई निशाना बनाइएको थियो । तर, यो आक्रमणमा कुनै हताहत नभएको बताइएको छ । यी दुई जहाजहरू रुसको 'श्याडो फ्लीट'का हिस्सा हुन् । पश्चिमी प्रतिबन्धहरूबाट बच्न रुसले सयौं ट्याङ्करहरूलाई स्याडो फ्लीटका रुपमा प्रयोग गरिरहेको छ । श्याडो फ्लीटमा प्रायः पुराना ट्याङ्करहरू हुन्छन् । यीमध्ये कयौं जहाजका मालिक र बिमा स्पष्ट नहुने समाचारमा उल्लेख छ ।



# जलेश्वर प्रादेशिक अस्पतालमा जेनजी युवाहरूको प्रदर्शन

दैनिक समाचारदाता

महोत्तरी, १४ मंसिर । प्रादेशिक अस्पताल जलेश्वरमा व्यापक भ्रष्टाचार, अव्यवस्था र सेवा प्रवाह खस्कँदै गएको भन्दै जेनजी युवाहरुले विरोध प्रदर्शन गरेका छन् । अस्पतालको सेवा सुधारको मागसहित उनीहरुले प्रदर्शन गरेका हुन् ।साथै उनीहरूले ११ बुँदे मागपत्र समेत सार्वजनिक गरेका छन् । युवाहरूले अस्पतालमा कर्मचारी नियुक्तिमा अनियमितता, गाइनोकोलोजिस्ट र एमडीजीपी डाक्टरको अभाव, डाक्टरको अभावले गर्भवती महिलाहरूलाई लगातार रेफर गर्नुपर्ने बाध्यता, सरकारले निःशुल्क उपलब्ध गराएका औषधीको अभाव, पूर्ण रूपमा बेड सञ्चालन नहुनु, आरओ प्लान्ट र भेन्टिलेटर जस्ता महत्त्वपूर्ण उपकरण प्रयोगमा नआउनु लगायतका समस्या उठान गरेका छन् ।

यी समस्याले अस्पतालको सेवा प्रभावित भएको उनीहरूको आरोप छ । युवाहरूले ड्रेसिङ र एक्स(रेको काम कार्यालय सहयोगीमार्फत गराइने, डायलिसिस सेवा, सुरक्षा गार्डको अनुशासनहीनता, अस्पताल परिसरको सरसफाइ तथा अस्पताल व्यवस्थापन समितिका अध्यक्षले गरेको अनियमितताको विषय पनि उठाएका छन् ।




यता, अस्पतालका निमित्त प्रमुख डा.विकासकुमार साहले अस्पतालले मधेस प्रदेश सरकार र निर्देशनालयले उपलब्ध गराउँदै आएको स्रोत साधनअनुसार सेवा दिइरहेको दावी गरेका छन् ।

महोत्तरी सदरमुकाम लगायत भारत सीमावर्ती क्षेत्रका बिरामीहरूको प्रमुख उपचार केन्द्र मानिने जलेश्वर प्रादेशिक अस्पतालमा आकस्मिक सेवा समेत प्रभावित भइरहेको भन्दै स्थानीय आक्रोशित छन् ।

# चुनावी मैदानमा १२० दल

दैनिक समाचारदाता

काठमाडौं, १४ मंसिर । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि १२० दलले दिए निवेदन दिएका छन् । १२० दलभित्र संयुक्त चुनाव चिह्नमा चुनाव लड्ने दलहरू पनि रहेका छन् ।

निर्वाचन आयोगका सहसचिव एवं कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखाप्रमुख यज्ञ प्रसाद भट्टराईका अनुसार प्राप्त निवेदनमाथि आयोगले अध्ययन गरेर निर्णय दिनेछ ।

अध्ययनका क्रममा दलको संख्या सामान्य रुपमा हेरफेर समेत हुन सक्ने उनले बताए । निर्वाचन आयोगले स्वीकृत गरेको निर्वाचन कार्यक्रम अनुसार मंसिर १ गतेदेखि मंसिर १० गतेसम्म निर्वाचन प्रयोजनका लागि दल दर्ताको समय थियो। तर, दलहरू दर्ता प्रक्रियामा रहेको र केही दिन समय थप गर्न आग्रह आएको भनेर आयोगले चार दिन समय थप गरेको थियो ।

थप गरिएको समयभित्र १२० दलले निर्वाचन प्रयोजनका लागि दल दर्ताको निवेदन दिएका हुन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि दल दर्ता गरेका राजनीतिक दलले आगामी २१ फागुनको चुनावमा भाग लिन पाउनेछन् ।

गत ४ मंसिर २०७९ सालको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा ८४ दलले चुनाव लडेका थिए । यसपटक चुनाव लड्न चाहने दलको संख्या बढेर १२० पुगेको छ ।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आयोगको स्वीकृत कार्यतालिका अनुसार निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न र एकल चुनाव चिन्ह प्रयोग गर्नका लागि प्राप्त भएका निवेदनहरू उपर जाँचबुझ गरी योग्यता पुगेका दलहरूलाई यही मंसिर २० गतेसम्ममा आयोगबाट स्वीकृति प्रदान गरिनेछ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम अनुसार आगामी माघ ६ गते निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन पत्र दर्ता हुनेछ । सोही दिन उम्मेदवारको सूची प्रकाशन हुनेछ।

मनोनयन पत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि माघ ७ गतेलाई तय भएको छ । माघ ८ गते मनोनयन पत्र र उजुरी उपर जाँचबुझ एवम् निर्णय हुनेछ र सोहीदिन उम्मेदवारको नामावली प्रकाशन गरिनेछ।माघ ९ गते उम्मेदवारलाई नाम फिर्ता लिन चाहे समय दिइनेछ । सोही दिन उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ र गरी उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिने छ। यसैगरी, समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम यही मंसिर २० गतेदेखि सञ्चालन हुनेछ। कार्यक्रम अनुसार मंसिर २१ गते समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेश गर्नुपर्ने हुन्छ । निवेदन पेश गरेका राजनीतिक दलहरूको नामावली मंसिर २४ गते प्रकाशन हुनेछ । आगामी १३ र १४ गते राजनीतिक दलहरूले समानुपातिक निर्वाचनमा उम्मेदवारको बन्दसूची पेश गर्ने र माघ २० गते उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्ने कार्यक्रम रहेको छ। स्वीकृत निर्वाचन कार्यक्रम अनुसार फागुन २१ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुनेछ ।

# मधेसमा फेरि उपेन्द्र-सीके टक्करको संकेत

दैनिक समाचारदाता

काठमाडौँ १४ मंसिर । आसन्न चुनावमा पनि जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा. सीके राउतबिच टक्कर हुने सम्भावना देखिएको छ ।

जसपा नेपालले मधेसमा आफ्नो पकड बनाउन चुनाव केन्द्रित संघर्षका कार्यक्रम घोषणा गरे लगत्तै जनमत पार्टीले पनि त्यस्तै कार्यक्रम घोषणा गरेको छ । जसपा नेपालले मंसिर ६ गते आन्दोलनका कार्यक्रम घोषणा गरेको छ भने जनमत पार्टीले ७ गते ।

जनमत पार्टीले मंसिर ८ गते प्रधानमन्त्री सुशीला कार्कीलाई १२ बुँदे ज्ञापनपत्र बुझाएको थियो भने जसपा नेपालले १० गते । जसपा नेपालले मधेसमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिरहेको छ भने जनमत पार्टीले पनि मधेसका विभिन्न जिल्लामा त्यस्ता कार्यक्रम आयोजना गर्दै आइरहेको छ ।

यसरी दुवै पार्टी मधेसमा आफ्नो शक्ति बढाउने होडमा छन् । दुवै पार्टीका अध्यक्ष आसन्न चुनावमा सप्तरी(२ बाट उम्मेदवारी दिने तयारी गरिरहेका छन् । यद्यपि हालसम्म औपचारिक घोषणा गरेका छैनन् । औपचारिक घोषणा नगरे पनि आन्तरिक तयारीमा दुवै जना जुटिसकेको ती पार्टीका नेता बताउँछन् ।

जनमत पार्टीका अध्यक्ष डा. सीक राउतले यसपटकको चुनावमा पनि कुनै दलसँग





तालमेल नगर्ने भनिसकेका छन् । सात दलको संघीय लोकतान्त्रिक मोर्चाको बैठकमा पनि यो कुरा उनको दलले स्पष्ट पारिसकेको छ । एउटै मोर्चामा भए पनि चुनावी तालमेल नहुने भएपछि सीके र उपेन्द्रका बिचमा भिडन्त हुने लगभग निश्चित छ ।

उपेन्द्र यादव र सीके राउतले चुनावको समय आउँदासम्म कुनै न कुनै उपाय निकाल्ने पनि कतिपय नेताहरूको बुझाइ छ । 'औपचारिक रूपमा चुनावी तालमेल नभए पनि अनौपचारिक रूपमा एक अर्कालाई सहयोग गर्ने अवस्था पनि आउनसक्छ,' जनमत पार्टीका एक पदाधिकारीले भने, 'मधेसका दुवै जना सिनियर नेता हुनुहुन्छ । मधेसलाई दुवै जना चाहिन्छ । त्यसैले दुवै जना एकै ठाउँमा लड्नु हुन्छ भने विश्वास मलाई छैन । अन्तिममा दुवै जनाबिच एक खालको समझदारी हुन्छ कि जस्तो मलाई लागेको छ ।'

गत चुनावमा सप्तरी(२ मै उपेन्द्र यादव र सीके राउतबिच प्रतिस्पर्धा भएको थियो । उक्त चुनावमा सीके राउतले उपेन्द्र यादवलाई पराजित गरेका थिए । त्यसपछि बारामा भएको उपनिर्वाचनबाट उपेन्द्र यादव विजयी भएका थिए । हुन त सीके राउतले उपेन्द्र यादवको विरुद्धमा बारामा पनि उम्मेदवार उठाएका थिए । उपचुनावमा सीके राउतले बारामा उपेन्द्र यादवविरुद्ध चुनावी अभियान समेत चलाएका थिए ।

तर उपनिर्वाचनमा भने जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले नै बाजी मारेका थिए । यसपटक पनि विगतकै जस्तै टक्कर हुने हो कि भन्ने आशंका भइरहेको छ । मोर्चामा रहेका दलहरूको बिचमा चुनावी तालमेलका लागि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव लचिलो भए पनि जनमत पार्टीका अध्यक्ष सीके राउतले त्यस्तो तालमेललाई ठाडै अस्वीकार गरेका छन् ।

जसपा नेपाल सप्तरी जिल्लाका अध्यक्ष केदार यादवले पार्टीका अध्यक्ष उपेन्द्र यादव सप्तरीबाटै उम्मेदवार बनुन् भन्ने आफूहरूको चाहना रहेको बताए । यद्यपि हालसम्म यसको बारेमा कुनै निर्णय वा सहमति नबनेको उनको भनाइ छ ।

'सप्तरीबाटै जसपा नेपालले उपेन्द्र यादवलाई चुनाव जिताउन चाहेको छ, उहाँ यतैबाट चुनाव लड्नुहोस् भन्ने चाहना पनि छ, तर उहाँ (उपेन्द्र यादव)बाट कुनै जबाफ आएको छैन,' जिल्ला अध्यक्ष यादवले भने, 'अध्यक्षज्यू पनि विचार विमर्शमै हुनुहुन्छ । चुनाव हुने( नहुने निश्चित छैन । अहिले नै सबै कुराको टुङ्गो लागउन हतार गर्नुहुँदैन जस्तो लाग्छ ।'

सप्तरी(२ नम्बर यस्तो ठाउँ हो, जहाँबाट एउटा नेताले एकपटक भन्दा बढी चुनाव जितेको छैन । त्यही कारण जनमत पार्टीका अध्यक्ष डा. सीके राउत पनि हिचकिचाइरहेका छन् । सप्तरी(२ मा जनमत पार्टीको अवस्था पहिलाजस्तो नरहेको त्यहाँका स्थानीय बताउँछन् ।

तर अध्यक्ष राउत सप्तरी(२ बाटै चुनाव लड्ने जनमत पार्टी सप्तरीका अध्यक्ष रामगमन साह बताउँछन् । उनले भने, 'हाम्रो पार्टीका अध्यक्ष सीके राउतजीले यहीँ (सप्तरी(२)बाट चुनाव लड्ने घोषणा एक डेढ महिना अगाडि नै गरिसक्नु भएको छ । त्यसैले यसमा कुनै असमन्जस छैन ।'

विभिन्न मोर्चा तथा गठबन्धन बन्ने क्रम जारी रहेकाले चुनाव आउने बेलासम्म तालमेल हुनसक्ने सम्भावना पनि रहेको उनले बताए । पार्टीले अहिले कसैसँग तालमेल नगर्ने निर्णय गरिसके पनि चुनाव आउँदासम्म कस्तो परिस्थिति रहन्छ, त्यो अनुसार पार्टीले निर्णय लिने उनको भनाइ छ । उपेन्द्र यादव र सीके राउतबिच तालमेल हुने सम्भावनाका बारेमा सोधिएको प्रश्नमा जिल्ला अध्यक्ष साहले अहिलेसम्म त्यस्तो कुनै संकेत नदेखिएको बताए । तर राजनीतिमा कुनै कुरा असम्भव नहुने भन्दै आगामी दिनमा यसै हुन्छ भनेर अहिले नै भन्न नसकिने उनले प्रस्ट पारे ।

# मसँगको रिस संविधान र देशमाथि नपोखौं : ओली



दैनिक समाचारदाता

काठमाडौं, १४ मंसिर । नेकपा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले अन्तरिम सरकारलाई बुख्याँचाको संज्ञा दिँदै लोकतन्त्र फर्काउने बाटोमा लाग्न आह्वान गरेका छन् ।

आइतबार दिउँसो पार्टी केन्द्रीय कार्यालय च्यासलमा एघारौँ राष्ट्रिय महाधिवेशनको प्रतिक चिन्ह (लोगो) सार्वजनिक गर्दै अध्यक्ष ओलीले यस्तो आह्वान गरेका हुन् ।

उनले देश अफठ्यारो परिस्थितिमा रहेको उल्लेख गर्दै संवैधानिक बाटोमा देशलाई फर्काउन सबै लाग्नुपर्ने बताए । असंवैधानिक ढंगले विघटित संसद पुनःस्थापना हुनु आवश्यक रहेको पनि उनले बताए ।

संसद् पुनर्स्थापना भयो भने बर्बाद हुन्छ भन्ने गरिएको भन्दै अध्यक्ष ओलीले बर्बाद हुन्छ भनेर संसद विघटन गरेको ? भन्दै उनले प्रश्न पनि गरे ।

'अनिर्वाचित बुख्याँचाहरू सब्जीबारीमा त ठिकै थियो, सिंहदरबारमा बुख्याँचा ? मिल्छ यो ? बुख्याँचा निर्वाचित हुँदैन कहिल्यै पनि । बुख्याँचा कसैले राखिदिने हो । सिंहदरबार बुख्याँचा कसैले लगेर किलोमा गाडिदिने ठाउँ होइन, जनताबाट, लोकतान्त्रिक विधिबाट निर्वाचित सरकार बस्ने ठाउँ हो,' ओलीले भने, 'आधिकारिक, जोसँग लोकतान्त्रिक मूल्य मान्यताको हैसियत छ, त्यो बस्ने ठाउँ हो । लोकतन्त्र भनेको नराम्रो कुरा हो । एमालेसँग रिस उठेको होला, एमालेसँगको रिस लोकतन्त्र, देशमाथि नपोखौं । केपी ओलीसँग रिस उठेको होला, केपी ओलीसँग उठेको रिस संविधानमाथि लगेर, लोकतन्त्रमाथि लगेर, देशको विकास र सुशासनमाथि लगेर, देशको सार्वभौमसत्तामाथि लगेर नपोखौं ।'

अन्तरिम सरकारप्रति लक्षित गर्दै अनिर्वाचित बुख्याँचाहरू तरकारी बारीमा नै ठिक रहेको टिप्पणी उनले गरे । सिंहदरबार कसैले लगेर किलोमा राखिदिने बुख्याँचाको लागि नभएको उनको भनाइ छ ।

'देश अफठ्यारो परिस्थितिमा छ । लोकतन्त्र फर्काउँ । संवैधानिक बाटोमा देशलाई फर्काउँ । गलत सिफारिसमा, असंवैधानिक ढंगले विघटित संसद पुनःस्थापना हुनुपर्छ । संसद पुनःस्थापना भयो भने बर्बाद हुन्छ रे, त्यही बर्बाद हुन्छ भनेर संसद विघटन गरेको ? संसदीय प्रणाली आउन नदिने यस देशमा । लोकतन्त्र आउन नदिने ? निर्वाचितहरू लखेटिनुपर्ने ?,' उनले भने ।

# जागिरबाट निकालेको रिसमा सहकर्मीबाटै हत्या

दैनिक समाचारदाता

बारा १४ मंसिर । बाराको प्रसौनी गाँउपालिका(६ भलुहीस्थित किरण वेभरेज नेपाल प्रालि पानी उद्योगका व्यवस्थापक राम किशोर सिंहको हत्या उनकै सहकर्मीबाट भएको खुलेको छ ।

जिल्ला प्रहरी कार्यालय बाराले घटना भएको दुई दिनपछि आइतबार घटनाबारे विज्ञप्तिमार्फत जानकारी दिएको हो । जिल्ला प्रहरी कार्यालय बाराले व्यवस्थापक राम किशोरको हत्यामा उनकै सहकर्मी वीरगञ्ज महानगरपालिका(२२ राजन कुमार राम (२१) र सोही ठेगाना बस्ने प्रमोद साह तुरहा (३२) ले गरेको अनुसन्धानबाट पत्ता लगाएको छ । उनीहरूले कामबाट निकालेको रिसमा रामकिशोरको हत्या गरेको प्रहरीले खुलाएको हो ।

प्रहरीले नियन्त्रणमा लिएका राजन कुमार राम र प्रमोद साह तुहार र रामकिशोर सिंह



शुक्रबार साँझ सँगै बसेर मदिरा सेवन गरेका थिए ।

प्रमोद फ्याक्ट्रीमा चालकका रूपमा कार्यरत थिए । गत वर्षको गढीमाई मेलामा गाडीको क्लच प्लेट बिग्रिएपछि राम किशोर र राजन कुमार रामबिच झगडा भएको थियो । त्यसपछि राजनकुमारले काम छाडेका थिए ।

चालकले पुनः काम गर्दा फ्याक्ट्रीले तोकेको पानीको बिक्री मूल्य ११० रुपैयाँलाई राजन कुमार रामले आफ्नो व्यक्तिगत मुनाफाका लागि बजारमा ११५ र १२० रुपैयाँमा बेच्दै आएको राम किशोरले थाहा पाए । त्यसपछि विवाद भयो ।

यसै कारण राजन कुमारलाई पुनः कामबाट हटाइएको थियो । यसै विषयलाई लिएर विवाद बढेपछि हत्याको योजना बनेको प्रहरीले जनाएको छ ।

प्रहरीले घटना भएकै दिन उनीहरू दुवैलाई पक्राउ गरेको हो । उनीहरूलाई कर्तव्य ज्यान कसुर मुद्दामा आइतबार बारा जिल्ला अदालतबाट सात दिनको म्याद लिई थप अनुसन्धान भइरहेको छ ।

## एमाले-काँग्रेस...

समाजवादी युवा संघ नेपालका प्रदेश अध्यक्ष कमलेश यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेश सांसद रामअशिष यादव, सुरिता साह, जसपा मधेश प्रदेश अध्यक्ष रामबाबु यादव, जिल्ला अध्यक्ष पशुपति यादवलगायतका वक्ताहरूले युवालाई परिवर्तनको मुख्य शक्ति बनेर भूमिकामा उत्रिनुपर्नेमा जोड दिएका छन्।







- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, १४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३१४


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४